दि.नं.-०१
२०८२।०२।०६

अनुसूची-११

(नियम ७९ को उपनियम (१) सँग सम्बन्धित)

सङ्कल्प प्रस्तावको सूचना

श्री सचिव,
राष्ट्रिय सभा,
संघीय संसद, नेपाल।

राष्ट्रिय सभा नियमावली,२०७५ को नियम ७९ को उपनियम (१) बमोजिम देहायको सङ्कल्प प्रस्ताव पेस गर्न अनुमतिका लागि सूचना दिएको छु/छौं।

१.सङ्कल्प प्रस्तावको बिषयः

संविधानको धारा ३५ को उपधारा (४) बमोजिम मौलिक हकका रूपमा रहेको अत्यावश्यक खानेपानी सेवामा हरेक नागरिकको पहुँच अभिवृद्धि गर्न खानेपानी तथा सरसफाइ संस्था/समितिलाई सुविधा प्रदान गर्ने र नेपालमै ब्लिचिङ् पाउडर उद्योग खोल्ने सम्बन्धमा।

२.सङ्कल्प प्रस्तावको बेहोराः

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र मानव विकास र जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार भएको एक महत्त्वपूर्ण क्षेत्र हो। नेपालको संविधानको धारा ३० को उपधारा (१) ले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको ग्यारेन्टी गरेको छ। त्यस्तै धारा ३५ को उपधारा (४) मा स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचलाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। सन् २०१० को जुलाईमा संयुक्त राष्ट्र संघले खानेपानी तथा सरसफाइमा पहुँचलाई मानव अधिकारको रूपमा घोषणा गरिसकेको छ। नेपालमा साना/ठूला समेत करिब पैँतालिस हजार सम्पन्न खानेपानी आयोजनाहरू उपभोक्ता संस्था/समितिबाट सञ्चालित छन्।

खानेपानी तथा सरसफाइ संस्था/समितिहरू नाफा मूलक संस्था नभई सेवा प्रदायक संस्था भएको हुँदा देहायका विषयहरू लागू गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरियोस्:-

- खानेपानीमा राजस्व, आयकर/भ्याट लगायत सम्पूर्ण कर छुट हुनु पर्ने,
- विद्युतमा डिमाण्ड शूल्कका साथै महसुलमा छुट हुनु पर्ने,
- नगर विकास कोषबाट लिइएको ऋणको व्याजदर घटाउनु पर्ने,
- खानेपानी आयोजना निर्माण गर्दा जनसहभागितालाई राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता निति, २०८० अनुसार लागू गर्नुपर्ने, र
- नेपाल सरकारले सबै नेपालीलाई सुरक्षित खानेपानी उपलब्ध गराउन ब्लिचिङ्ग पाउडर उद्योग खोल्नु पर्ने।

३.सङ्कल्प प्रस्ताव प्रस्तुत गर्नु पर्नाका कारणः

नेपालको संविधानको धारा ३० को उपधारा (१) ले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र धारा ३५ को उपधारा (४) ले स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचलाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। सन् २०१० को जुलाइमा संयुक्त राष्ट्रसंघले खानेपानी तथा सरसफाइमा पहुँचलाई मानव अधिकारको रूपमा घोषणा गरिसकेको छ।

संयुक्त राष्ट्रसंघबाट खानेपानी तथा सरसफाइ दशक (१९८१-१९९०) को घोषणापश्चात् विश्वभरी नै यस क्षेत्रको विकासले गति प्राप्त गर्दै आएकोमा नेपालमा पनि जलस्रोत ऐन, २०४९; जलस्रोत नियमावली, २०५०; खानेपानी खानेपानी तथा सरसफाइ ऐन, २०७९, खानेपानी तथा सरसफाइ नियमावली, २०८१ तर्जुमा भई खानेपानी तथा सरसफाइ क्षेत्रको विकास तथा संरक्षणका क्षेत्रमा विभिन्न प्रयासहरु भइरहेका छन्। खानेपानी र सरसफाइ क्षेत्रमा नीतिगत व्यवस्थाअन्तर्गत राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति २०८०; खानेपानी आपूर्ति क्षेत्रगत नीति, २०५४ तर्जुमा भई कार्यान्वयन भइरहेका छन्। संयुक्त राष्ट्रसंघबाट घोषित सहस्राब्दी विकास लक्ष्य (सन् २००१-२०१५) अन्तर्गत प्रष्ट राष्ट्रिय लक्ष्य र सूचकहरू निर्धारण गरी विकास साझेदारहरूलाई पनि यस क्षेत्रको विकासमा समावेश गराई क्षेत्रगत लक्ष्यहरू हासिल गर्न सक्नु एउटा कोसेढुङ्गाको रूपमा रह्यो।

जलस्रोत नीति, २०७७ तथा नेपाल जलयोजना, २०६२ अन्तर्गत खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय लक्ष्यहरूमा उल्लेख्य प्रगति भएका छन्। त्यस अवधिमा ग्रामीण खानेपानी तथा सरसफाइ नीति, २०६०; शहरी खानेपानी तथा सरसफाइ नीति, २०६६; सरसफाइ गुरुयोजना, २०६८; भौतिक योजना तथा निर्माण मन्त्रालयको सोचपत्र, २०६४; दिगो विकास लक्ष्य-अवस्था र मार्गचित्र (२०१६-२०३०) जस्ता महत्त्वपूर्ण नीति तथा योजनाहरू तर्जुमा भई कार्यान्वयनमा रहेका थिए। त्यसमध्ये ग्रामीण खानेपानी तथा सरसफाइ नीति, २०६० र शहरी खानेपानी तथा सरसफाइ नीति, २०६६ नयाँ नीतिबाट प्रतिस्थापित भैसकेका छन्। खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको महत्त्वलाई हृदयङ्गम गर्दै दिगो विकास लक्ष्यअन्तर्गत "खानेपानी तथा सरसफाइमा सबैको पहुँचको सुनिश्चितता गर्ने" लक्ष्यको रूपमा लक्ष्य ६ अन्तरगत विभिन्न बुँदाहरू निर्धारण भएका छन्। साथै, दिगो विकास लक्ष्यअन्तर्गतका अन्य सबै राष्ट्रिय लक्ष्यहरू सन् २०३० सम्ममा हासिल गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको प्रत्यक्ष एवं अप्रत्यक्ष योगदान रहन्छ। विश्वव्यापी रूपमा फैलिएको COVID - 19 महामारीको रोकथाम तथा नियन्त्रणमा समेत खानेपानी, सरसफाइ तथा स्वच्छताको भूमिका भएकोले यसको महत्त्व झनै अभिवृद्धि भएको छ।

नेपालमा साना/ठूला समेत करिब पैंतालिस हजार सम्पन्न खानेपानी आयोजनाहरू खानेपानी तथा सरसफाइ संस्था/समितिद्वारा सञ्चालित छन्। खानेपानी तथा सरसफाइ संस्था/समितिहरू नाफामूलक नभई सेवाप्रदायक संस्था हुन् र त्यहाँ काम गर्ने पदाधिकारी स्वयंसेवी रूपमा क्रियाशील रहन्छन्।

खानेपानी तथा सरसफाइ संस्था/समितिका पदाधिकारीले कुनै किसिमको तलब तथा अन्य मौद्रिक सुविधा वा फाइदा नलिई सामाजिक सेवाका रूपमा काम गर्ने गरेका छन्।

शहरी खानेपानी तथा सरसफाइ नीति, २०६६ अनुसार निर्माण भएका शहरी तथा सहलगानीका आयोजना नेपाल सरकारको ७० प्रतिशत र उपभोक्ताको ३० प्रतिशत लगानीमा निर्माण गर्दा ३० प्रतिशत मध्ये पाँच प्रतिशत नगद र २५ प्रतिशत नगर विकास कोषबाट ऋण लिई पाँच प्रतिशत ब्याजदरको हिसाबले २० वर्षभित्र ऋण चुक्ता गर्नु पर्ने बाध्यता रहेकोले उपभोक्ताको काँधमा करोडौं ऋण भार बोक्नु परेको अवस्था छ।

ऋणभार हुँदा हुँदै धारा जडान र पानी महसुलबाट प्राप्त रकम कर्मचारीको तलब, मर्मत सम्भारमा लाग्ने खर्च, सुधार विस्तारको लागि आवश्यक पर्ने पाइप, फिटिङ्गस, पम्प, मोटर आदिको लागि जगेडा कोषको आवश्यकता पर्ने भएकोले सोही अनुसार धारा जडान शुल्क र महसुल निर्धारण गरी केही रकम बैङ्क मौज्दात राख्नु पर्ने हुन आउँछ तर त्यसै मौज्दातलाई फाइदा भनी नेपाल सरकारले खानेपानी उपभोक्ता संस्था/ समितिलाई आयकर/भ्याट लगाउने गरेको छ। मौलिक हकका रूपमा रहेको खानेपानी संस्थाको सञ्चालन नेपाल सरकारको दायित्वमा रहेको भए तापनि उपभोक्ता समिति मार्फत बिनालाभ सञ्चालन गर्दै आएकोमा सेवास्तर वृद्धिमा बाहेक नेपाल सरकारको आर्थिक तथा व्यवस्थापनको दायित्व प्रायः शून्य नै छ। यदि आयकर/भ्याट लगाउँदै जाने हो भने उपभोक्ता संस्थाहरूले खानेपानी आयोजना नेपाल सरकारलाई बुझाउनु पर्ने बाध्यता आउँन सक्ने अवस्था समेत रहेको छ।

त्यसका अतिरिक्त खानेपानी, सरसफाइ र स्वच्छता नियमावली, २०८१ को नियम ४४ को उपनियम (१) अनुसार प्रत्येक सेवाप्रदायकले आफूले सङ्कलन गरेको कूल महसुलको एक प्रतिशत रकम प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र नेपाल सरकारको राजस्व खातामा जम्मा गर्नु पर्ने भनिएको छ। तर सोही नियमको उपनियम (३) अनुसार उपभोक्ता संस्थाले सञ्चालन गरेको तर दुई हजारभन्दा कम धारा भएका आयोजनाको हकमा सो रकम जम्मा गर्नु नपर्ने व्यवस्था गरिएको छ। यसरी सेवाप्रदायक संस्थाबाट राजस्व उठाउन सान्दर्भिक र उपयुक्त छैन।

जलवायु परिवर्तनको कारण केही वर्षयता खानेपानीका मुहान सुक्दै गइरहेका छन्। साथै खोलानाला तथा नदिहरूमा समेत पानीको बहाव घट्दै गइरहेका छन्। यसले गर्दा ग्रेभिटी सिस्टमका आयोजनाहरुमा पानीका मुहान सुक्दै गएर पम्पिङ्ग सिस्टममा भर पर्ने अवस्था आएको छ, जसले गर्दा संस्थाहरूले पानी महसुलको धेरै अंश विद्युत महसुल तिर्नु पर्ने बाध्यता छ। कतिपय आयोजनाहरू विद्युत महसुल तिर्न नसकेर बन्द भएका छन्। सिंचाई आयोजनामा पम्पिङ्ग गर्नका लागि ५० प्रतिशत विद्युत महसुल छुट दिइएको छ तर मौलिक हकको रूपमा रहेको खानेपानी सेवामा डिमाण्ड शुल्क मात्र छुट भएको छ, जसले गर्दा उपभोक्ता संस्था /समितीहरुलाई आयोजना संचालन तथा व्यवस्थापन गर्न धौधौ परिरहेको छ।

हालसम्म निर्माण सम्पन्न भएका र निर्माणाधिन साना शहरी, शहरी तथा सहलगानीका आयोजना निर्माण गर्दा कूल लागतको ७० प्रतिशत नेपाल सरकार र ३० प्रतिशत उपभोक्ताले बेहोर्ने गरी निर्माण भैरहेकोमा उपभोक्ताले बेहोर्ने ३० प्रतिशतमध्ये पाँच प्रतिशत नगद र २५ प्रतिशत नगर विकास कोषबाट लिइने ऋणमा पाँच प्रतिशत ब्याजका दरले हुन आउने रकम निकै बढी भएकोले उपभोक्ता समितिहरुलाई साँवा ब्याज चुक्ता गर्न समेत निकै कठिनाई भएको छ। हालै मात्र स्वीकृत "सहलगानी खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका, २०८१" अनुसार नेपाल सरकारले ८५ प्रतिशत र उपभोक्ता वा स्थानिय तहले १५ प्रतिशत बेहोर्ने गरी आयोजना कार्यान्यन गर्नुपर्ने रहेको छ । अझै मैलिक हक कार्यान्वयनको विषयमा उपभोक्ताले १५ प्रतिशत बेहोर्नु पर्ने कुरा नै आफैंमा बढी भएको अवस्था छ।

राष्ट्रिय खानेपानी तथा स्वच्छता नीति, २०८० को दफा ५.६.२१ को कार्यनिति (ख) अनुसार भौगोलिक अवस्थिति, आर्थिक, सामाजिक अवस्था तथा प्रविधिका आधारमा स्थानिय समूदायबाट कुल लागतको बढीमा ५% नगद सहभागिता हुने गरी सम्बन्धित प्रदेश सरकार, स्थानिय तह र अन्य स्रोतबाट लागत साझेदारीमा आयोजना कार्यान्वयन गर्न सकिनेछ भन्ने भएता पनि ग्रामीण खानेपानी तथा सरसफाइ नीति, २०६० अनुसार जनसहभागिता २० प्रतिशत हुने गरी कार्यान्वयन भैरहेको, सहलगानी आयोजनामा ३०% सहभागिता हुदै आएकोमा "सहलगानी खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका, २०८१" अनुसार जनसहभागिता ३०% बाट १५% गरिएको, जलवायु अनुकुलित खानेपानी अयोजना र केन्द्रीय आयोजनामा जनसहभागिता १० प्रतिशतले हुने गरी आयोजना कार्यान्वयन हुने गरेको छ । गाउँमा बस्ने युवा शक्ति विदेश पलायन भएको कारण जनसहभागिता जुट्न नसकेकोले कैयौं ग्रामीण खानेपानी आयोजनाहरु पूरा हुन नसकी अलपत्र छन् जसले गर्दा सरकारको करोडौं लगानी खेर गइरहेको छ। त्यसैले जनसहभागितालाई व्यवहारिक बनाउनुपर्ने देखिन्छ।

हालसम्मको रिपोर्ट अनुसार उच्च तथा मध्यम स्तरको खानेपानी सुबिधा पुगेको जनसंख्या करिब २८ प्रतिशत रहेको छ, तर सुरक्षित खानेपानी जम्मा २० प्रतिशत जनसंख्याले मात्र उपभोग गर्न पाएका छन्। सबै जनसंख्यालाई सुरक्षित खानेपानी पुऱ्याई सम्भावित संक्रामक रोगबाट बचाउँन समेतका लागि सबै खानेपानी आयोजनामा क्लोरिनेशन गर्न आवश्यक भएकोले आफ्नै देशमा ब्लिचिङ्ग पाउडर उद्योग भएमा सस्तो र सहज हुने हुँदा ब्लिचिङ्ग पाउडर उद्योग स्थापना र सञ्चालन गर्नुपर्ने समेत देखिन्छ।

४.संकल्पः

माथि विवेचित आधार एवं कारणहरू समेतबाट मौलिक हकका रूपमा रहेको खानेपानी सेवालाई सबैको पहुँचमा पुऱ्याउन र उपभोक्ता समिति वा संस्थामार्फत हुने खानेपानी सेवाको व्यवस्थापनलाई प्रभावकारी बनाउन देहायका सङ्कल्प गरियोस्:-

- खानेपानी आयोजना सञ्चालन गर्ने उपभोक्ता समिति वा संस्थालाई राजस्व, आयकर/भ्याट लगायत सम्पूर्ण कर छुट,
- खानेपानी सेवामा जडित विद्युतमा डिमाण्ड शूल्कका साथै महसुलमा छुट,
- नगर विकास कोषले प्रदान गर्ने ऋणको व्याजदर कम,
- जनसहभागितालाई राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता निति २०८०को दफा ५.६.२१(ख) अनुसार लागू,
- सबै नेपालीलाई सुरक्षित खानेपानी उपलब्ध गराउन स्वदेशमै ब्लिचिङ्ग पाउडर उद्योग स्थापना र सञ्चालन।

५.समबन्धित मन्त्री :

माननीय मन्त्री प्रदिप यादव

खानेपानी मन्त्रालय

प्रस्तावकः जग प्रसाद शर्मा

हस्ताक्षरः

नाम, थरः

सदस्य क्रम सङ्ख्या :१७

समर्थक

हस्ताक्षरः

नाम, थरःकृष्ण बहादुर रोकाय

सदस्य क्रम सङ्ख्या :१०

हस्ताक्षरः

नाम, थरःगोपि बहादुर अछामी सार्की

सदस्य क्रम सङ्ख्या :१३

हस्ताक्षरः

नाम, थरःभगवती न्यौपाने

सदस्य क्रम सङ्ख्याः३७

हस्ताक्षरः

नाम, थरःमदन कुमारी शाह (गरिमा)

सदस्य क्रम सङ्ख्या :३९

हस्ताक्षरः

नाम, थरः मोहम्मद खालिद

सदस्य क्रम सङ्ख्याः४३

मितिः२०८२/०२/०६